# आर्थिक वर्ष २०८२/८३ को
# वजेट वक्तव्य

उपाध्यक्ष श्री विपना कुलुङज्यूद्वारा प्रस्तुत बजेट वक्तव्य

महाकुलुङ गाउँपालिका

बुङ, सोलुखुम्बु ।

महाकुलुङ गाउँपालिकाको मिति २०८२ असार १० गतेको गाउँसभामा उपाध्यक्ष श्री विपना कुलुङले प्रस्तुत गर्नु भएको वजेट वक्तव्य

# आर्थिक वर्ष २०८२/८३ को
# वजेट वक्तव्य

महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

**यस सभाका सभाध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारीहरु,**
**सुरक्षाकर्मी तथा संचारकर्मीहरु ।**

१. नेपालको संविधानको धारा २३० बमोजिम महाकुलुङ गाउँपालिकाको आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँ सभामा पेश गर्ने व्यवस्था भए बमोजिम यस महाकुलुङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले सोह्रौं गाउँसभामा आगमी आर्थिक वर्ष २०८२।८३ को लागि वजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु । यस महत्वपुर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण महान शहिदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणीय व्यक्तित्वहरुमा भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वधीनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेको यस महाकुलुङ बासी जनता र राजनीतिक तेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु।

२. कोशी प्रदेशमा अवस्थित यस महाकुलुङ गाउँपालिका अपार प्राकृतिक स्रोत र प्राकृतिक मनोरम, कृषि तथा पशुजन्य विकास, पर्यटनको विकासमा अद्धितिय सम्भावना रहेको गाउँपालिका हो । सोही अनुरुप महाकुलुङका जनताको जीवनस्तर वृद्धि र यस गाउँपालिका अन्तर्गत रहेका श्रोत साधनको अधिकतम तथा दिगो परिचालन तथा उपलब्ध अन्य अवसर र सम्भावनाहरुको उपयोग गरी पुर्वाधार विकासका साथसाथै आर्थिक सामाजिक विकासको निम्ति आधारशिला तयार भएको छ । चालु आर्थिक वर्षको महाकुलुङ गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र समृद्धिको आधारशिला निर्माण तथा महाकुलुङ वासीको जीवन स्तरमा त्यसको सकरात्मक प्रतिफल देखिन थालेको छ। स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गरी गरिवी, विपन्नता, निरक्षरता र पछौटेपनको अन्त्य गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ । महाकुलुङ गाउँपालिका अन्तर्गत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको प्रत्याभुति सुनिश्चित हुँदै गएको छ ।

३. निजी, सहकारी, गैर-सरकारी संघसंस्थाहरुलाई गाउँपालिकाले विकासको मेरुदण्डको रुपमा स्वीकार गरी लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ ।

४. नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रुपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरु सवैलाई विदितै छ । सोहि शिलशिलामा केन्द्रमा रहेका

अधिकार स्थानीय सरकारहरुमा हस्तान्तरण भईरहेको विद्यमान अवस्था छ । स्थानीय सरकारहरुको गठन पश्चात प्रत्येक वर्ष अषाढ महिनाको १० गते भित्र स्थानीय सरकारहरुले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमहरु आ-आफ्नो सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

५. महाकुलुङ गाउँपालिकाको आगमी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र प्रदेशको बजेट सीमा, महाकुलुङ गाउँपालिकाको आवधिक योजना, मध्यकालीन खर्च संरचना, महाकुलुङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट निर्धारण समिति, दिगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिएको छु । साथै स्थानीय सामाजिक संघ, संस्था, बुद्धिजिवी, राजनीतिकर्मी, भद्रभलादमी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु।

६. आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरु तयार भई वडा समितिहरुले ती योजना तथा कार्यक्रमहरुलाई विषयगत समितिको बैठकमा समेत छलफल भई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ। सो कार्यपुर्व गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि समानीकरण अनुदान, सर्सत अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजश्व बाँडफाँड र आन्तरिक आम्दानी मार्फत आगामी आर्थिक बर्षको लागि सिलिङ उपलब्ध गराइएको थियो । उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरु सहित आगामी आर्थिक वर्षको लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक प्रक्षेपण तथा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कुल सिलिङ निर्धारण गरेको छ । गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरु तथा विषयगत क्षेत्र समूहहरुको गठन गरिएको छ। वडा स्तरबाट प्राथमिकीरण गरि आएका योजना तथा कार्यक्रहरुलाइ कार्यपालिका अन्तर्गत विभिन्न समितिहरु तथा समूहहरुमा छलफल गरी प्राप्त सुझावहरुलाई समेत समेटी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आर्थिक वर्षको लागि वजेट तर्जुमा गरी कार्यपालिकाको बैंठकबाट पारित भई छलफलका लागि आजको यस गरिमामय सभामा पेश गरिएको छु ।

७. अब म महाकुलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु । गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि महाकुलङ आधारभूत अस्पताल भवन निर्माण सम्पन्न भएकोछ । सम्पन्न भएको भवनबाट दक्ष जनशक्ति तथा सम्पुर्ण उपकरणहरुको व्यवस्था गरी विशेषज्ञ सेवा सूचारु गरिनेछ । गाउँपालिकामा आधुनिक कृषि प्रणालीको सुरुवात भएको छ । विभिन्न वडामा

कृषि क्षेत्रलाई सहयोग गर्ने तालिम तथा अनुदानका कार्यक्रम संचालन पश्चात यसले कृषकको आयस्तर वृद्धि गर्नमा सहयोग पुगेको छ ।

गाउँपालिका केन्द्र, वडा केन्द्र लगायतका बजार व्यवस्थित हुदै गएको छ । सडक संजालको कारण उत्पादित वस्तु बजारसम्म ल्याउन लैजान सहज हुदै गएको छ । राजश्व परिचालन लक्ष्य नजिक पुगेको देखिएता पनि अपेक्षित रुपमा आम्दानी गर्न सकेको छैन । त्यसैले राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । चालु आर्थिक बर्ष सम्म गाउँपालिकाले दहत्तर बहत्तर कर नउठाएको तर गाउँवस्तीका खोला नालाको ढुंगा, गिट्टी उत्खनन तथा प्रशोधन भईरहेको साथै जलविद्युत कम्पनीहरुले हालसम्म कर नबुझाएकाले यसलाई नियमन गरी करको दायरामा ल्याउनुपर्ने देखिन्छ ।

विपन्न र लक्षित वर्ग उन्मुख कार्यक्रम संचालन गरिएकाले जनतामा आर्थिक सन्तुलन हुँदै गएको देखिन्छ ।

महाकुलुङ गाउँपालिकाको चालु आर्थिक बर्षमा गाउँपालिकाको पाँचवटै वडाको वडा भवन निर्माण कार्य सम्पन्न भई संचालनमा आउने चरणमा पुगेको अवस्था छ । चालु आर्थिक बर्षबाट सबै वडाहरुको सेवा प्रवाह आफ्नै प्रशासनिक भवनबाट सूचारु गरिनेछ भने गाउँपालिका प्रशासनिक भवनको निर्माण सुरु भएको छ ।

महाकुलुङ गाउँपालिकाको ५ वटै वडालाई बाह्रै महिना सडक सञ्जालले जोड्नको लागि हुँगा खोला, भुवा खोलामा मोटरेवल पुल निर्माण सम्पन्न भएका छन् भने फुलवाती खोलाको पुल निर्माण कार्य चालु आवमा सम्पन्नको चरणमा पुग्नेछ ।

८. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार पार्दा निम्नानुसारका कानुन/नीति तथा दस्तावेजहरुको सहयोग लिइएको छु ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- दिगो विकास लक्ष्य
- नेपाल सरकार कोशी प्रदेश र महाकुलुङ गाउँपालिकाको आवधिक योजना
- गाउँपालिकाको मध्यमकालीन खर्च संरचना
- आन्तरिक आयको अवस्था र उपलब्ध श्रोत साधन
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु

•संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु

• राजश्व परामर्श समितिको प्रतिवेदन आदि ।

९. अब म आगमी आर्थिक बर्ष २०८२।०८३ को बजेटको उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु । बजेटका उदेश्य र प्राथमिकता निम्न अनुसार छन् ।

- यस गाउँपालिका भित्र नागरिकको जीवनस्तर उठाउने ।
- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थान गर्दै निर्यात बढाउने । पर्यटन क्षेत्रलाई विकास र विस्तार गरि समग्र गाउँपालिका नै पर्यटकिय गन्तव्यको रुपमा विकास गर्ने ।
- उपलब्ध श्रोत साधनको न्यायोचित वितरण र विकासमा समान सहभागिता गराइने स्वास्थ्य र शैक्षिक गुणस्तर वृद्धि गर्ने
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने
- सामाजिक कलह, झगडा र विपत्तिहरुलाई अन्त्य गर्ने युवा स्वरोजगार कार्यक्रमलाई बढवा दिने
- जनतामा मौलिक हकको प्रत्याभूति दिलाउने
- सेवा प्रवाहको गुणस्तर वृद्धि गरि प्रक्रियागत झन्झडलाई अन्त्य गर्ने खाद्य सुरक्षाको प्रत्याभूति गर्ने

**सभाध्यक्ष महोदय,**

१०. अव म यस गरिमायम सभामा आगामी आर्थिक वर्ष २०८२।८३ को लागि अनुमानित आय व्यय पेश गर्ने अनुमाति चाहन्छु। आगामी आर्थिक वर्षको अनुमानित कुल बजेट रु ४० करोड ४७ लाख ९० हजार कायम हुने अनुमान छ । यो अनुमान चालु आ.व. २०८१/८२ को भन्दा ६ करोड ३५ लाख १२ हजार ५ सय रुपैयाँले बढी अर्थात १८.६१ प्रतिशतले बढी हो ।

जस मध्ये नेपाल सरकारको वित्तीय समानिकरण अनुदान तर्फ १० करोड ९४ लाख, नेपाल सरकार सर्सत अनुदान तर्फ १० करोड ९७ लाख, संघीय विशेष अनुदान १ करोड ४४ लाख, संघीय राजश्व बाँडफाँड १० करोड २१ लाख ८९ हजार ८४० रुपैयाँ, संघीय समपुरक अनुदान ९० लाख, प्रदेश सरकार समानीकरण अनुदान ९२ लाख ३४ हजार, प्रदेश सवारी कर बाँडफाड ६८ लाख २६ हजार, प्रदेश समपुरक अनुदान १ करोड ६० लाख, प्रदेश सरकार सर्सत अनुदान ४३ लाख ९० हजार, आन्तरिक राजश्व ३५ लाख १६० रुपैयाँ, घरजग्गा रजिष्ट्रेशन १ लाख ५० हजार साथै बैंक मौज्दात २ करोड हुने अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

११. कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन, राजश्व परामर्श समितिको प्रतिवेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालय, क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।

क. संघीय सरकार सर्सत अनुदान कार्यक्रम रु १० करोड ९७ लाख

ख. प्रदेश सरकार सर्सत अनुदान रु ४३ लाख ९० हजार,

ग. प्रदेश समपुरक अनुदान रु १ करोड ६० लाख

घ. संघीय विशेष अनुदान १ करोड ४४ लाख

ङ. संघीय समपुरक अनुदान रु ९० लाख

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सर्शत र समपुरक तर्फको कार्यक्रम कार्यक्रम कार्यान्वयन पुस्तिका र विनियोजित शिर्षकमा नै खर्च गरिनेछ।

च. महाकुलुङ गाउँपालिका वडा नं १ - जम्मा विनियोजित रु १ करोड

छ. महाकुलुङ गाउँपालिका वडा नं २ - जम्मा विनियोजित रु १ करोड

ज. महाकुलुङ गाउँपालिका वडा नं ३ - जम्मा विनियोजित रु १ करोड

झ. महाकुलुङ गाउँपालिका वडा नं ४ - जम्मा विनियोजित रु १ करोड

ञ. महाकुलुङ गाउँपालिका वडा नं ५ - जम्मा विनियोजित रु १ करोड

ट. महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखा जम्मा विनियोजन रु ३ करोड

ठ. महाकुलुङ गाउँपालिका शिक्षा शाखा जम्मा विनियोजन रु १ करोड ९० लाख

ड. महाकुलुङ गाउँपालिका कृषि शाखा जम्मा विनियोजन रु ३० लाख

ढ. महाकुलुङ गाउँपालिका पशुसेवा शाखा जम्मा विनियोजन रु ३० लाख

ण. महाकुलुङ गाउँपालिका महिला वालवालिका तथा सामाजिक समावेशीकरण शाखा रु ३५ लाख

त. महाकुलुङ गाउँपालिका न्यायिक समिति रु १० लाख

थ. महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय रु ७ करोड ११ लाख १० हजार ५ सय

द. महाकुलुङ गाउँपालिका — रु ७ करोड ६ लाख ८९ हजार ५ सय

**सभाध्यक्ष महोदय,**

आर्थिक बर्ष २०८२।०८३ को गाउँपालिकाको कुल बजेट विनियोजन रु **<u>चालिस करोड सत्चालिस लाख नब्बे हजार</u>** रुपैयाँ विनियोजन गरको छु । उल्लेखित बजेट सिलिङबाट तयार गरिएको योजना तथा कार्यक्रमको विस्तृत विवरण (सशर्त बाहेक) अनुसुचीमा प्रस्तुत गरिएको छ । जसमा अनुसुची १ मा गाउँपालिकाको योजना तथा कार्यक्रम, अनुसूची २ मा वडा कार्यालयहरुको योजना तथा कार्यक्रम, अनुसूची ३ मा गाउँकार्यपालिकाको कार्यालय र शाखा कार्यालयहरुको योजना तथा कार्यक्रम र अनुसूची ४ मा गैर सरकारी संघ संस्थाहरुको वजेट रहेको छ।

अव म चालु आर्थिक वर्ष २०८२/८३ को लागि गाउँपालिका तर्फका योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमाति चाहन्छु।

- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि स्थानीय पूर्वाधार विकास विभाग (डोली) सँगको साझेदारीका लागी रु. ५९ लाख ७१ हजार बजेट विनियोजन गरेको छु । उक्त भवन निर्माणको लागि डोलीबाट कूल लागतको ६० प्रतिशत लगानी साझेदारी प्राप्त हुने व्यवस्था भएको जानकारी गराउन चाहन्छु ।
- बुदुम खोलामा निर्माण भई रहेको बुदुमखोला प्रिस्ट्रेस पुलको निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ । जसका लागि संघीय तथा प्रदेश समपूरक अनुदान सहित जम्मा रु. ३ करोड ६३ लाख ३४ हजार रकम विनियोजन गरेको छु ।
- महाकुलुङ गाउँपालिकामा संचालित वृद्धाश्रम र शिशु स्याहार केन्द्र संचालनको लागि आवश्यक वजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।
- विपद व्यवस्थापन कोष, विपद तथा विपन्न नागरिक आर्थिक सहायता कोष, एम्बुलेन्स संचालन कोष, प्रदेश समपूरक अनुदान, प्रारम्भिक वातावरणीय परीक्षण, चाक्चाकुर पर्व तथा मुन्दुम ट्रेल भ्रमण वर्ष समापन, गैर सरकारी संस्थासँग साझेदारी रकम चालु, निर्माण सम्पन्न हुने झोलुङ्गे पुलहरुको सह-लगानीका लागि आवश्यक वजेट विनियोजन गर्ने व्यवस्था गरेको छु ।
- महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ अन्तर्गत कार्यरत स्थायी सेवाका सम्पूर्ण कर्मचारी तथा कामका चाप पर्ने समयमा अतिरिक्त समय काम गर्ने कर्मचारीका लागि कार्यविधी ऐन अनुसार प्रोत्साहन प्रदान गर्न शिक्षक कर्मचारी प्रोत्साहन शिर्षकमा रु. ३० लाख वजेट विनियोजन गरेको छु ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकाले संघीय सरकार सँग साझेदारीमा कार्यक्रम संचालन गर्नको लागि रु. २८ लाख ७२ हजार रकम विनियोजन गरेको छु ।
- बहुवर्षे तथा क्रमागत योजना अन्तर्गत चालु आवमा विनियोजन भएको वजेटबाट खर्च हुन नसकी बाँकी हुने वजेटलाई सोही शीर्षकमा आगामी आर्थिक वर्षमा रकम सारेर भूक्तानी गर्ने व्यवस्था मिलाएको छु ।
- कोंखो खोला तथा हुँगा खोलाको तितिलाघाटमा मोटरेवल पुल निर्माण हुन बाँकी रहेकोमा कंखो खोलामा मोटरेबल पुल निर्माण गर्नको लागि आवश्यक वजेट रु. १ करोड ७५ लाख वजेट विनियोजन गरेको छु, तितिलाघाटमा मोटरेवल पुल निर्माणलाई प्राथमिकता राख्ने व्यवस्था गरेको छु ।
- वडा नं. २ अन्तर्गत पेल्माङ खानेपानी एक घर एक धारा निर्माण क्रमागतका लागि रु. ४० लाख वजेट वनियोजन गरेको छु ।
- वडा नं. १ मा खानेपानी निर्माणमा साझेदारी कार्यक्रमको लागि रु. ३० लाख वजेट विनियोजन गरेको छु ।
- वडा नं. ३ छेस्काममा वर्थिङ सेन्टर स्वास्थ्य भवन निर्माण साझेदारी कार्यक्रमको लागि रु. ५६ लाख वजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको सुशासन प्रवर्द्धन तथा क्षमता विकास लगायतका कार्यक्रम संचालन गर्नको लागि कर्मचारी, पदाधिकारी तालिम, अभिमुखीकरण तालिम, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण, घुम्ती सेवा व्यवस्थापन लगायतका कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु ।
- महाकुलुङ गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुको भौतिक विकास तथा आवश्यक प्रचार प्रसारका लागि आवश्यक वजेट प्रवन्ध गरेको छु ।
- यहाँका स्थानीय आदिवासी जनजातीहरुको मौलिक संस्कृतिको प्रवर्द्धन गर्न यहाँका कुलुङ जाति र नाछिरिङ जातिको सांस्कृतिक पहिचान दस्तावेजीकरणको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,

अव म विभिन्न विषयगत शाखाहरु तर्फ विनियोजन हुने वजेटका मूख्य व्यवस्थाहरु प्रस्तुत गर्न चाहन्छु,

**<u>कृषि तर्फ</u>**

- सुपथ मुल्यमा कृषकहरुलाई कृषि सम्बन्धि विउविजन तथा औजार उपलब्ध गराउने, साना कृषि मेसिनरी औजार (५०% अनुदान) वितरण कार्यक्रमको लगि आवश्यक वजेट व्यवस्था गरेको छु ।
- कृषि मेला प्रदर्शनी, रोग किरा व्यवस्थापन, चियाको विरुवा वितरण, प्याज खेती तथा अल्लो खेती प्रवर्द्धन, जैविक विषादी निर्माणका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

**पशुपन्छीतर्फ**

- पशुपंक्षी उपचारको लागि आवश्यक औषधी खरिद कार्यलाई निरन्तरता दिएको छु । जै घाँस, भूईंघाँस वितरण कार्यलाई निरन्तरता दिएको छु । राष्ट्रिय पशुपंक्षी खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महाकुलुङ गाउँपालिकाको केन्द्र आसपासको उपयुक्त स्थान छनौट गरी वधशाला निर्माण गरिनेछ, यसको लागि रु. ५ लाख वजेट विनियोजन गरेको छु ।

**शिक्षा तर्फ**

- गाउँपालिकाले शिक्षामा गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा नियुक्ति गरेका पालिका अनुदानका शिक्षक कार्यक्रमलाई निरन्तरता दिएको छु । जसका लागि गाउँपालिका अनुदान शिक्षक तलव भत्ता रु १ करोड २१ लाख ६८ हजार विनियोजन गरेको छु साथै बाल सहयोगी शिक्षक, कार्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीहरुलाइ दिइदै आएको प्रोत्साहन भत्तालाई समेत निरन्तरता दिएको छु जस्को लागि रु ३२ लाख २१ हजार विनियोजन गरेको छु ।
- गाउँपलिकाको एसईई केन्द्र रहने पेल्माङ आवि, पेल्माङमा फर्निचर निर्माणको लागि आवश्यक वजेट रु. ४ लाख विनियोजन गरेको छु ।
- राष्ट्रपति रनिङ शिल्ड खेलकुद, आधारभूत तह कक्षा ८ परिक्षा संचालनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

**स्वास्थ्य तर्फः**

- दीर्घरोगीहरुको स्वास्थ्य उपचारमा देखिएको समस्या न्यूनीकरणको लागि आगामी आर्थिक वर्षदेखि दीर्घरोगिहरुका लागि स्वास्थ्य वीमा कार्यक्रम लागू गरिनेछ । जसका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- ९८ प्रकारका औषधी निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छु, सो औषधी खरिदका लागि सशर्त अनुदान बाहेक रु २३ लाख बजेट विनियोजन गरेको छु।

- विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको करार सेवालाई निरन्तरता दिएको छु । महाकुलुङ आधरभूत अस्पताल, आधारभुत स्वास्थ्य केन्द्र तथा इकाइमा कार्यरत कर्मचारीहरुको पारिश्रमिकको लागि एकमुष्ट रु २ करोड बजेट विनियोजन गरेको छु।
- महाकुलुङ आधारभुत अस्पतालबाट CEONC सहितको विशेषज्ञ सेवा, तिलगंगा आँखा अस्पतालको सहकार्यमा आँखा उपचार सेवा, आयुर्वेद सेवा तथा BDS सहितको डेन्टल सेवालाई निरन्तरता प्रदान गर्ने व्यवस्था गरेको छु ।
- राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम, आमा सुरक्षा तथा नवजात शिशु व्यवस्थापन कार्यक्रम र महामारी रोग नियन्त्रण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- महाकुलुङ आधारभूत अस्पतालको सेवा प्रभावकारिताको लागि अनलाईन प्रणालीको प्रयोग गरिनेछ, यसका लागि आवश्यक वजेट प्रवन्ध गरेको छु ।
- स्वास्थ्य संस्थामा हुने सुत्केरीको स्याहार तथा सुरक्षाका लागि महाकुलुङ आधारभूत अस्पतालमा कुरुवा कक्ष (Maternal waiting Home) निर्माण गरी संचालनमा ल्याइनेछ । यसका लागि आवश्यक वजेट विनियोजन गरिएको छु ।

**महिला तथा वालवालिका**

- आगामी आ.व. मा वर्ष ६० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई वडावडाबाट ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिनेछ, जसबाट नेपाल सरकारको नियम अनुसार उपचार तथा सार्वजनिक सवारी साधन प्रयोगमा ५० प्रतिशत छुट उपलब्ध हुनेछ ।
- अपाङ्गता रोकथाम सम्बन्धी कार्यक्रम गाउँपालिका, कोशी प्रदेश सरकार र करुणा फाउन्डेशनसँगको साझेदारी कार्यक्रम संचालनका लागि रु ९ लाख ६५ हजार बजेट विनियोजन गरेको छु ।
- अन्तराष्ट्रिय महिला दिवस मनाउन, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान र लैङ्गिक उत्तरदायी तथा सामाजिकं समावेशी बजेट परीक्षण लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकालाई वालमैत्री स्थानीय तह बनाउन अभियानको सुरुवातको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।
- ज्येष्ठ नागरिक हेरचाह केन्द्र तथा शिशु स्याहार केन्द्र संचालनको लागि आवश्यक वजेट व्यवस्था गरिएको छु ।

वडा तर्फः

गाउँपालिकाको योजना निर्माण प्रकृयामा सबै वडाहरुको सहभागिता र अपनत्व भए पनि विकेन्द्रित तथा वडाहरुको उच्च प्राथिमिकतामा परेका योजनाहरु तथा लक्षित कार्यक्रम छनौट गर्न विशेष स्वायत्तता मिलोस भनि प्रत्येक वडा लाई रु. १ करोडका दरले आयोजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाइएको छु । ती योजना तथा कार्यक्रमहरुको लागि कुल रु ५ करोड बजेट विनियोजन गरेको छु। प्रत्येक वडालाई उपलब्ध भएको श्रोत सुनिश्चितताबाट प्राप्त आयोजनालाई हुबहू योजना पुस्तिकामा प्रस्ताव गरेको छु ।

**गैर सरकारी संघ संस्था तर्फः**

आर्थिक वर्ष २०८२।८३ का लागि गैरसरकारी संस्थाहरुले यस गाउँपालिकामा संचालन गर्न लागि पेश गरेको बजेट अन्तर्गत इकोहिमाल नेपाल ३० लाख ४२ हजार ९४१, क्लासरुम इन द क्लाउड्सको ४० लाख १७ हजार ८५६, हिमालय ट्रष्ट नेपाल ५५ लाख ५५ हजार, पहाडी विकास तथा संरक्षण समूह नेपालको रु. २९ लाख ५० हजार, REED NEPAL को २५ लाख ३६ हजार र एक्सन फर नेपालको रु. ८५ लाख ४५ हजार ६५६ रुपैयाँ तेत्तीस पैसा, सेतो गुँरास ७४ लाख ३५ हजार ७५० गरी जम्मा रु. ३ करोड ४० लाख ८३ हजार २०३ रुपैयाँ स्वीकृतिका लागि यस सभामा पेश गर्दछु।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तर्जुमाको लागि मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ र वस्तिहरुमा योजना छनौट गर्न सहयोग पुयाउने वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राजनैतिक दलहरु, नागरिक समाज, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु सबै क्षेत्रका विशिष्टकृत महानुभावहरु एवं राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

प्रस्तुत आर्थिक विधेयक तथा विनियोजन विधेयकमा व्यवस्था भएको नीति, कार्यक्रम र बजेटलाई गाउँसभाबाट पारित गरी प्रस्तुत वजेटको सफल कार्यान्वयनमा सकारात्मक सहयोग गर्नुहुन सम्पुर्ण गाउँ सभा सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु। साथै बजेटको सफल कार्यान्वयनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सवै क्षेत्रका विशिष्टकृत महानुभावहरु एंव राष्ट्रसेवक कर्मचारीहरुमा विशेष अनुरोध गर्दछु ।

धन्यवाद।

विपना कुलुङ
उपाध्यक्ष
२०८२।०३ । १०